# मानव अधिकार-पत्र
# Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार आयोग

वर्ष २, अङ्क ३ राष्ट्रिय मानव अधिकार आयोगको द्वैमासिक बुलेटिन २०७३ मंसिर-पुस


## आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत

राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक प्रावधाननुसार आर्थिक वर्ष २०७२–२०७३ को वार्षिक प्रतिवेदन २०७३ पुस २९ गते राष्ट्रपतिसमक्ष पेश गरेको छ। प्रतिवेदन पेश गर्नुअघि आयोगका माननीय अध्यक्ष अनुप राज शर्माले आयोगको तर्फबाट वार्षिक रूपमा आयोगबाट सम्पादित गतिविधिहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्नुभएको थियो।



तस्वीरः सुबोध पोखरेल रा.मा.अ.आ.

प्रतिवेदन ग्रहणपश्चात् सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक परिधिभित्र रही प्रतिकुल अवस्थामा पनि आफ्नो भूमिका पौडचालसहित सचिव वेद निर्वाह गरेकोमा आयोगलाई धन्यवाद दिनुभएको थियो। वहाँले आयोगको प्रतिवेदनबारे व्यवस्थापिका-संसद्मा छलफल गराउन आफ्नो तर्फबाट आवश्यक पहल गर्ने जानकारी गराउनुभएको थियो। कार्यक्रममा आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरू प्रकाश वस्ती, सुदीप पाठक, मोहना अन्सारी र गोविन्द शर्मा पौडचालसहित सचिव वेद भट्टराई, उपनिर्देशक र अधिकृतहरूको उपस्थिति रहेको थियो।

### सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले आ.व. २०७२–२०७३ को वार्षिक प्रतिवेदन पेश गर्दै दिनुभएको मन्तव्य




सम्माननीय राष्ट्रपति महोदय, सर्वप्रथम म सम्माननीय राष्ट्रपतिज्यूमा आ.व.२०७२–२०७३ को आयोगको वार्षिक प्रतिवेदन पेश गर्न समय उपलब्ध गराइदिनुभएकोमा राष्ट्रिय मानव अधिकार आयोग र मेरो व्यक्तिगत तर्फबाट पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु। नेपालको संविधान (२०७२) को धारा २४९ (१) मा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख गरिएको छ। राष्ट्रिय संस्थाको हैसियतमा आयोगले मानव अधिकार अवस्थाको अनुगमन, अनुसन्धान, प्रवर्द्धन लगायतका कार्यक्रममार्फत कानूनतः सुम्पिएको जिम्मेवारी निर्वाह गर्दै आएको छ। संविधानको धारा २९४ (१) मा संवैधनिक निकायले आफूले गरेको कामकारवाही सम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था छ। सोही व्यवस्थाको आधारमा आयोगले यो वार्षिक प्रतिवेदन पेश गरेको छ। यस प्रतिवेदनमा आयोगमा परेका वार्षिक उजुरी, उजुरीउपरका छानबीन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिश, मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश छन्। यस अविधमा आयोगमा जम्मा २१९ उजुरीहरू दर्ता भएका छन्।

पुराना र नयाँ गरी २०८ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ भने २४२ पटक अनुगमन भएको छ। १८१ वटा उजुरीहरूको निरुपण भएको छ। सिफारिश गरिएका २३ वटा उजुरीमा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने उल्लेख छ। आयोगको सिफारिश कार्यान्वयनमा पनि विगतमाभन्दा केही प्रगति भएको अवस्था छ। आयोगबाट १२ वटा सामग्रीहरू प्रकाशन भएका छन्। वार्षिक लगायतका विषयगत प्रतिवेदनका अलग जर्नलसमेत प्रकाशन गरिएको छ। मानव अधिकारसम्बन्धी कानूनहरूको पूनरावलोकन, विश्वव्यापी आवधिक समीक्षाको प्रतिवेदन तयारजस्ता कार्य सम्पन्न भएका छन्।

आयोगले "सबैको लागि घर-घरमा मानव अधिकार : शान्ति र विकासको आधार" भन्ने नारालाई आधार मानी मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी २२६ ओटा सम्बर्द्धनसम्बन्धी कार्यहरू सम्पन्न गरेको छ। यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भएको छ। यस्तै मानव अधिकारसँग आबद्ध सङ्घसंस्थाद्वारा आयोजित ५४ वटा कार्यक्रममा श्रोत व्यक्ति/विषय विज्ञ, ७१ वटा कार्यक्रममा प्रमुख अतिथि/अतिथिको रूपमा उपस्थिति र २६१ वटा कार्यक्रममा आयोगले सहभागिता जनाएको छ। आयोगबाट मानव अधिकारका विविध विषयमा ४४ प्रेस विज्ञप्ति र २९ वटा प्रेस नोट जारी भएका छन्। नेपालले मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्नुका साथै संविधान तथा कानूनमा मानव अधिकारको व्यवस्था गर्नु र मानव अधिकार राष्ट्रिय कार्ययोजनाको निर्माण गर्नुजस्ता कुरा सराहनीय भए पनि सन्धि-सम्झौता



तस्वीरः सुबोध पोखरेल रा.मा.अ.आ.

र कार्ययोजनाको व्यवहारिक कार्यान्वयनको हिसाबले त्यति सन्तोष गर्ने अवस्था छैन । सन्धि समितिमा बुझाउनुपर्ने कतिपय आवधिक प्रतिवेदनहरूसमेत पेश भएका छैनन् । शान्ति-प्रक्रिया शुरु भएको १० वर्ष पुगिसक्दा पनि अझै निष्कर्षमा पुग्न सकेको छैन । संविधान निर्माण हुनु सुखद् भए पनि कार्यान्वयनमा देखिएको चुनौतीले मानव अधिकारको संरक्षण र परिपूर्तिमा समेत चुनौती थपिएको छ । संविधान निर्माणपछि पनि राजनीतिक अस्थिरता यथावत रहनुले नागरिक तथा राजनीतिक अधिकारमा नकारात्मक प्रभाव पर्नुका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू पनि ओझेलमा परेका छन् । संविधान निर्माणपश्चात् जारी संविधानका विषयमा दलहरूबीच देखिएको असहमतिका कारण उत्पन्न समस्याले नागरिकको मानव अधिकारको उपभोगमा अवरोध सिर्जना भएको छ । विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीको अत्यधिक बल प्रयोगबाट प्रदर्शनकारीको मृत्यु तथा प्रदर्शनकारीबाट सुरक्षाकर्मीमाथि भएको हिंसात्मक गतिविधिले मानिसको बाँच्न पाउने अधिकार नै जोखिममा परेको छ । सर्वसाधारण नागरिकका आधारभूत अधिकारहरू पनि अझै जोखिममा छन् । वैदेशिक रोजगारमा गएकाहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा, बन्द हड्तालजस्ता गतिविधिले सर्वसाधारणको जनजीवनमा असर पुग्न गएको छ ।

प्रहरी हिरासतमा हुने यातना, कारागारका बन्दीहरूको दयनीय अवस्था, द्वन्द्व पीडितले न्याय पाउन नसक्नु, बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको अवधि समाप्त हुन लाग्दा पनि ती आयोहरूका लागि आवश्यक कानून र नियमावलीहरू बन्न नसक्नु, द्वन्द्वपीडितको यथोचित व्यवस्था हुन नसक्नु, दण्डहीनताले निरन्तरता पाउनुजस्ता कारण मानव अधिकारको अवस्था दयनीय देखिएको छ । यस्तै समाजमा जातीय भेदभाव कायमै रहनु, दुर्गममा खाद्यान्नको समस्या यथावत रहनु, शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप र बालबालिका शान्ति क्षेत्र भन्ने नारा कार्यान्वयन नहुनु, स्वास्थ सेवामा सबैको पहुँच नहुनुले पनि मानव अधिकार अवस्था सन्तोषजनक देखिँदैन । आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, जेष्ठ नागरिक, आप्रवासी कामदार, लैंगिक तथा यौनिक अल्पसङ्ख्यकका अधिकार तथा मानव अधिकार रक्षकको सवालमा राज्यले उचित ध्यान दिन नसकेका कारण ती समुदायका अधिकार पनि जोखिममा छन् ।

यसैगरी भूकम्प गएको एक वर्षभन्दा बढी सयम व्यतित भैसक्दा पनि भूकम्प प्रभावितहरू अझै आकाशमुनि बस्न बाध्य छन् । विभिन्न चुनौतीको बाबजुद् पनि यस आवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र सम्वर्द्धनात्मक कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल गरेको छ । मानव अधिकार अवस्थाको अनुगमन, अनुसन्धान, अनुसन्धान गरिएका उजूरीउपर निर्णय, सिफारिश, प्रतिवेदन प्रकाशन, जर्नल प्रकाशन, कतार र नेपालको मानव अधिकारबीच वैदेशिक कामदारहरूको विषयमा भएको समझदारीपत्र, आयोगमा कर्मचारी व्यवस्थापन आयोगले यस अवधिमा गरेका प्रमुख उपलब्धि हुन् । आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा पनि मानव अधिकारका मुद्दामा सहकार्य र समन्वय गर्दै आएको छ । राष्ट्रिय तहमा नेपाल सरकार, राजनीतिक दल, संवैधानिक अङ्ग, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था, व्यवसायिक सङ्घसङ्गठनहरू रहेका छन् ।

त्यसै गरी अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका निकाय, मानव अधिकार आयोगहरूको अन्तर्राष्ट्रिय समन्वय समिति र मानव अधिकार आयोगहरूको एसिया प्रशान्त मञ्चलगायत दातृ निकाय आदिसँगको सहकार्य र समन्वयमा कार्य हुँदै आएको छ । आयोगले आफ्नो कार्य सम्पादनका सिलसिलमा यस वर्ष पनि विभिन्न चुनौतीहरूको पनि सामना गर्नुपरेको छ । दण्डहीनताको अवस्था, सङ्क्रमणकालीन परिवेश, आयोगका सिफारिश पूर्ण कार्यान्वयन नहुनु, आयोगका वार्षिक प्रतिवेदन संसदमा छलफल हुन नसक्नु, स्रोत र साधनको सीमितता, आयोगको अनुगमन टोलीमाथि भएको अभद्र व्यवहार आदि चुनौतीका रूपमा देखा परे । आयोगले मानव अधिकारको संरक्षण, सम्वर्द्धन एवम् संस्कृति विकासको लागि सरकार र राजनीतिक दलहरूलाई संविधानमा देखापरेका असन्तुष्टिको उचित सम्बोधन गर्न, आयोगका सिफारिशहरूको पूर्ण कार्यान्वयन गर्न, मानव अधिकारका दोषीहरूलाई कारबाही गर्न, पीडितलाई न्याय प्रदान गर्न, दण्डहीनताको अन्त्य गरी कानूनी शासनको सम्मान गर्न, शान्तिसुरक्षा र सुव्यवस्थाको वातावरण सिर्जना गर्न, द्वन्द्वपीडितलाई न्याय दिलाउन, आयोगको प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेश गरी छलफल गराउन र आयोगलाई भौतिक स्रोत-साधन सम्पन्न गराउन सिफारिश गरेको छ ।

आगामी दिनहरूमा आयोग संविधान र ऐनद्वारा तोकिएका काम, कर्तव्य र अधिकारलाई मुर्तरूप दिन थप प्रयत्नशील रहने छ । आयोगको रणनीतिक योजना (२०१५–२०२०) ले निर्धारण गरेका रणनीतिक लक्ष्य हासिल गर्नका लागि आफ्ना कामकारवाहीहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाउने छ । यसका लागि सरोकारवालाहरूसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुको साथै आयोगका सिफारिशहरू कार्यान्वयनका लागि थप पहल गर्नेछ । मानव अधिकारमैत्री कानून निर्माण गर्न, फौजदारी अदालतसम्बन्धी रोम विधान, बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलगायतका मानव अधिकारसम्बन्धी महासन्धि अनुमोदन गराउन, विश्वव्यापी आवधिक समीक्षामा नेपाललाई प्राप्त सिफारिशहरूको कार्यान्वयन गराउन र महासन्धिको दायित्व निर्वाह गराउन आयोगले थप प्रभावकारी भूमिका खेल्ने छ । अन्त्यमा, माथि उल्लिखित विषयलाई सम्बोधनको लागि सम्माननीय राष्ट्रपतिज्यूबाट विगतमा झैँ सदाशयतापूर्वक सहयोग प्राप्त हुने विश्वाससहित पुनः एक पटक कृतज्ञता ज्ञापन गर्दै आफ्नो भनाइ अन्त्य गर्दछु ।

धन्यवाद ।
अनूप राज शर्मा, अध्यक्ष
२९ पुस, २०७३

# आयोगको स्वतन्त्र अनुगमनबाट सरकारलाई मार्गनिर्देशन : प्रधानमन्त्री दाहाल
# महत्त्वपूर्ण आधारभूत अधिकारमा समान पहुँच आवश्यक : आयोग अध्यक्ष शर्मा



तस्वीर: सुबोध पोखरेल रा.मा.अ.आ.

**ललितपुर** । संयुक्त राष्ट्रसङ्घद्वारा मानव अधिकार बडापत्रको विश्वव्यापी घोषणा पत्र जारी गरेको ६८ वर्ष पुरा भएको उपलक्ष्यमा आयोगले एक समारोहका बीच ६८ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएको छ। समारोहको प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल रहनु भएको थियो ।

प्रमुख अतिथि प्रधानमन्त्री पुष्पकमल दाहालले समारोहलाई सम्बोधन गर्दै मानव अधिकारको सुनिश्चितता गर्न वर्तमान संविधानले यथेष्ठ सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्रीले संविधान कार्यान्वयनले नै मानव अधिकार बलियो बन्दै जाने तथा सरकारले कार्य योजना बनाई विश्वव्यापी आवधिक समीक्षाको सुझावहरू पनि कार्यान्वयन गर्दै लैजाने जानकारी गराउनुभयो ।

मानव अधिकार राज्यले दिने र जनताले लिने विषय नभएको चर्चा गर्दै वहाँले मानव अधिकारलाई तजविज र चाहनामा निर्देशित बनाउन नहुने कुरामा जोड दिनुभयो ।

प्रधानमन्त्रीले नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष मानव अधिकारका क्षेत्रमा गरेका प्रतिबद्धता कार्यान्वयन गर्न सरकारले कुनै कसर बाँकी नराख्ने, विगत द्वन्द्वमा भएका मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाका बारेमा छानबिन गरिरहेका सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई सरकारबाट आवश्यक सहयोग भइराखेको र थप चाहिएको सहयोग गर्ने जानकारी दिनुभयो ।

प्रधानमन्त्रीले स्वतन्त्र र स्वायत्त मानव अधिकार आयोगबाट भएका सिफारिस कार्यान्वयन गर्न सरकार प्रतिबद्ध भएको र आयोगको स्वतन्त्र अनुगमनबाट सरकारलाई मार्ग निर्देशन हुने कुरा बताउनुभयो । सबै तहबाट अब राजनितिक तथा नागरिक अधिकारको तुलनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षणमा ध्यान दिनुपर्नेमा वहाँको जोड भयो ।

समारोहका अध्यक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्माले सङ्क्रमणकालीन न्यायको अवस्थालाई आलोच्य नबनाउन र भूकम्पलगायतका प्राकृतिक प्रकोप पीडितको गुनासा प्रति सरकारलाई संवेदनशील बन्न आग्रह गर्नुभयो । अध्यक्ष शर्माले नागरिकहरुको महत्पपूर्ण अधिकारको रुप्मा रहेको खाद्यान्न, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत विषयमा सहज र

समान पहुँचलाई विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याउनु भयो । अध्यक्ष शर्माले देशमा मानव अधिकारको संरक्षण, संवर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता प्रदान गर्ने संवैधानिक दायित्व यस आयोगको भएको स्मरण गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

**सन्दर्भ: ६८ औं मानव अधिकार दिवस**


तस्वीर: सुबोध पोखरेल रा.मा.अ.आ.



तस्वीर: सुबोध पोखरेल रा.मा.अ.आ.

रूपमा आफनो भूमिकामार्फत आयोगले सकारात्मक सन्देश प्रवाह गरिरहेको जानकारी गराउनुभयो ।

आयोगका सचिव बेदप्रसाद भट्टराईले मर्यादित र सुरक्षित जीवन नै मानव अधिकार भएको उल्लेख गर्दै मानव अधिकार सस्कृतिको प्रवर्द्धनमा जोड दिनु भयो ।




तस्वीरः सुबोध पोखरेल रा.मा.अ.आ.

'सबैका लागि घरघरमा मानवअधिकारः शान्ति र विकासका आधार' भन्ने आयोगको मुख्य उद्देश्य तथा संयुक्त राष्ट्र सङ्घको Stand up for someone's rights today आव्हनलाई आत्मसात गर्दै आयोगले अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएको हो ।

---

## संक्रमणकालिन न्यायको लागि कानून संशोधन अपरिहार्य : अध्यक्ष शर्मा



**ललितपुर** । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्माले "सङ्क्रमणकालीन न्यायको निमित्त सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनमा संशोधन गरी यसलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाई सम्मानित सर्वोच्च अदालतको आदेश तथा आयोगको सिफारिस बमोजिम संशोधन अपरिहार्य रहेको बताउनु भएको छ" । पीडित केन्द्रित सङ्क्रमणकालीन न्याय प्रक्रियाका विद्यमान चुनौती विषयक अन्तक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै शर्माले थप भन्नुभयो "अदालतको आदेश र आयोगको सिफारिश बमोजिम ऐन संशोधन भएमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सक्छ" । सङ्क्रमणकालीन न्यायको निमित्त विशेष अदालत सम्बन्धी छुट्टै व्यवस्था गर्न छुट्टै विधेयकको तर्जुमा गरिनुपर्नेमा समेत उहाँको जोड थियो ।

कार्यक्रममा पूर्वमन्त्री अग्नि खरेलले द्वन्द्वकालीन एकएक घटना सबै कोट्याउन नसकिने र कुनै घटनालाई बिर्सन पनि नसकिने भएकाले मेलमिलाप वा दण्डसजायबाट मात्रै समस्याको समाधान नहुने भएकाले न्यायको मान्य सिद्धान्त अनुसार सन्तुलित समाधान निकाल्नु आजको आवश्यकता भएकोमा जोड दिनुभयो ।

**सन्दर्भ : ६८ औ मानव अधिकार दिवस**

यसै गरी अर्का पूर्वमन्त्री वर्षमान पुनले सङ्क्रमणकालीन अवस्थामा सेना समायोजन, संविधान सभाबाट संविधान लेखन भईसकेता पनि महत्वपूर्ण रूपमा रहेको सत्य निरुपण गर्ने काम बाँकी रहेकोले सत्ता पक्ष तथा विपक्ष वा विद्रोही पक्ष केही नभनी पीडितलाई न्याय दिनको लागि सशक्त रूपमा सबै क्षेत्रले योगदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सत्य निरुपण तथा मेलमिलाप आयोगका सदस्य माधवी भट्टले सत्य निरुपण तथा मेलमिलाप आयोगलाई कार्य गर्न चुनौती रहेको भन्दै सबै आयोगहरू बीचको सहकार्यले सत्य निरुपण मार्फत मेलमिलापको वातावरण निर्माण गर्न अग्रसर रहनुपर्ने धारणा राख्नु भयो ।

बेपत्ता परिएका व्यक्तिहरुको छानविन आयोगका सदस्य विजुल विश्वकर्माले सरकारले पर्याप्त, श्रोतसाधन, जनशक्ति, भौतिक पुर्वाधार र प्राविधिक दक्ष कर्मचारी नदिएको कारणले पनि आयोगको काम अगाडि बढ्न नसकेको भन्दै उजूरी गर्न पीडितलाई पर्याप्त समय उपलब्ध गराएको जानकारी दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगले सङ्क्रमणकालीन न्यायको सम्बन्धमा सम्पन भइरहेका कार्यको बारेमा जानकारी दिँदै आयोगका सचिव वेदप्रसाद भट्टराईले दुवै सङ्क्रमणकालीन आयोगहरूले ऐन संशोधन मात्र पर्खेर नबसी अनुसन्धान, बयान लगायतका कामलाई निरन्तर अघि बढाउनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जवाफदेही निगरानी समितिका अध्यक्ष चरण प्रसाईले कार्यक्रमले राजनैतिक दल, सत्य निरुपण तथा मेलमिलाप आयोग र जर्वजस्ती वेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगबीच साझा धारणा बनाउन मद्दत पुगेको भन्दै विस्तृत शान्ति सम्झौताको १० बर्ष व्यतित हुँदा पनि सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न नसक्नु दुःखद रहेको उहाँको भनाई थियो ।

कार्यक्रममा द्वन्द्व पीडीतहरू अनिता ज्ञवाली, गोपालबहादुर शाह, बद्रीबहादुर केसी, लेनिन विष्टले पनि आआफ्ना धारणाहरू राख्नु भएको थियो भने द्वन्द्व पीडित साझा चौतारीका अध्यक्ष सुमन अधिकारीले पीडितहरूको तर्फबाट कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको आयोजना द्वन्द्वपीडित साझा चौतारी, जवाफदेहीता निगरानी समिती र लोकतान्त्रिक स्वतन्त्रता तथा मानव अधिकार सस्थाहरूले गरेको थिए ।

# ११ बुँदे कार्य योजनामा हस्ताक्षर

**काठमाडौँ ।** राष्ट्रिय मानव अधिकार आयोग, नेपाल र राष्ट्रिय मानव अधिकार समिति, कतारबीच यसअघि भएको समझदारीपत्रको कार्यान्वयनको लागि ११ बुँदे कार्य योजनामा १८ डिसेम्बर २०१६ मा हस्ताक्षर भएको छ । राष्ट्रिय मानव अधिकार आयोग नेपालले आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणको लागि नोभेम्बर १६, २०१५ मा राष्ट्रिय मानव अधिकार समिति कतारसँग १० बुँदे द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर थियो । सो को प्रभावकारी कार्यान्वयनको लागि दुवै मानव अधिकारका राष्ट्रिय संस्थाले अर्को कार्यायोजनामा हस्ताक्षर गरेका हुन् ।

११ बुँदे कार्य योजनामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्मा र राष्ट्रिय मानव अधिकार समिति कतारका अध्यक्ष डा. अली विन समीख अल मारीले अङ्ग्रेजी र अरबी भाषामा हस्ताक्षर गरी आदान प्रदान गर्नुभएको थियो ।




तस्वीरः सुबोध पोखरेल रा.मा.अ.आ.

## नेपाल र कतार बीच हस्ताक्षर

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष अनूप राज शर्माले १८ डिसेम्बरका दिन आप्रवासी कामदारहरुको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दिवस रहेकोले सम्पूर्ण आप्रवासी नेपाली कामदारहरुको अधिकार संरक्षण होस भन्ने कामना गर्नुभयो । आजको दिनमा नै कार्य योजनामा हस्ताक्षर हुनु सुखद पक्ष भएको समेत वहाँले उल्लेख गर्नुभयो ।

समझदारीपत्रमा उल्लेख भएका व्यवस्थाहरूलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि यो कार्ययोजना महत्पूर्ण दस्तावेज हुने कुरामा विश्वास प्रकट गर्दै राष्ट्रिय मानव अधिकार आयोग नेपालले सन् २०१० मा आप्रवासी नेपाली कामदारहरुको अधिकार संरक्षणार्थ तीन वर्षका लागि दक्षिण कोरियासँग समझदारीपत्र सम्पन्न गरेको स्मरण गर्दै यस प्रकारको समझदारीपत्र दोस्रो रहेको जानकारी गराउनुभयो ।

राष्ट्रिय मानव अधिकार संस्थाहरुले आप्रवासी कामदारहरूको अधिकार संरक्षणार्थ कसरी कार्य गर्न सक्दछन् भन्ने असल अभ्यास तथा उदाहरण यस समझदारीपत्र र सो को कार्य योजना सम्भवतः उदाहरणीय हुन सक्ने शर्माको भनाइ थियो । उहाँले यस प्रकारका समझदारीपत्रहरू अन्य आयोगहरुसँग पनि गर्न इच्छुक रहेको र यस कार्यलाई सहयोग र सहजीकरणका लागि नेपाली आप्रवासी कामदारहरू जाने गन्तव्य मुलुकका महामहिम राजदुतहरूसँग अनुरोध गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार समिति कतारका अध्यक्ष डा. अलि विन समीख अल मारीले सहयोगमा अभिवृद्धि, सूचना आदान-प्रदान र कामदारहरूको अधिकारको संरक्षणमा द्विपक्षीय प्रयासको उद्देश्य राखी गरिएको समझदारीपत्र र सो को कार्ययोजनाको सबैले प्रशंशा गर्नुपर्ने कुरा राख्नु भयो । कामदारहरुको अधिकारको संरक्षणको दायित्व कामदार पठाउने र कामदारहरु लिने दुवै देशको हुने भएकाले अप्रवासी कामदारहरुको अधिकार संरक्षण र संवर्द्धनको लागि कतारको मानव अधिकार समिति सदैव क्रियाशिल रहने बताउनुभयो ।

हालसालै कतारले कामदारहरुको अधिकार संरक्षण र सम्बर्द्धनको उद्देश्य राखी कानून निर्माण गरेको र प्रवेश, बर्हिगमन र आवासको विषयमा प्रमुख व्यवस्थाहरू उक्त कानूनले गरेको जानकारी अध्यक्ष मारीले गराउनु भएको थियो । आप्रवासी कामदारहरूको अधिकार संरक्षणमा गुणस्तरीय परिवर्तनका लागि राष्ट्रिय योजना नै बन्नु पर्ने र त्यसलाई यस कार्ययोजनाले सघाउने विश्वास व्यक्त गर्नु भयो ।

समितिले समुदाय सहायता कक्षको स्थापना गरी उजूरकर्ताका समस्याहरूको सुनवाई, भोगेका समस्याहरूलाई सम्बोधन गर्ने, चेतना अभियान, विभिन्न भाषामा कामदारहरूको अधिकार सम्बोधन र कानूनी तथा प्रशासनिक प्रक्रिया तथा कार्यविधिहरूको विषयमा पुस्तकहरु प्रकाशन गर्दै आइरहेको उहाँले जानकारी गराउनु भयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सूदीप पाठकले दुई पक्षीय सहयोग आदान-प्रदान गरी प्रभावकारी कार्यान्वयन हुने कुरामा विश्वास व्यक्त गर्दै अप्रवासी कामदारको अधिकार संरक्षणमा कतारको मानव अधिकार आयोगले गरेको कार्य र कतारको मानव अधिकार आयोगका अध्यक्ष मारीले गर्नु भएको योगदानको चर्चा र प्रशंसा गर्दै हस्ताक्षर कार्यक्रमलाई सफल बनाउने सबैलाई धन्यवाद दिनु भएको थियो । साथै १८ डिसेम्बर कतारको राष्ट्रिय दिवस पनि भएकाले सो अवसरमा कतारी सरकार र कतारी नागरिकलाई शुभकामना व्यक्त गर्नु भयो ।

उक्त ११ बुँदे कार्य योजनाका प्रमुख बुँदाहरुमा प्रभावकारी सूचना आदान-प्रदानका लागि सम्पर्क अधिकृत तोक्ने, वैदेशिक रोजगारमा पठाउने निजी कम्पनीहरुलाई प्रशिक्षित गर्ने र राष्ट्रिय मानव अधिकार समिति कतारले आफ्ना श्रम, आन्तरिक मामिला मन्त्रालयका

कर्मचारीहरुलाई र नेपालमा सम्बद्ध मन्त्रालयका कर्मचारीहरूलाई आप्रवासी कामदारहरुको अधिकारका सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने, नेपाली कामदारहरूको गुनासाहरु समाधानको सहजीकरणका लागि निःशुल्क कानूनी सल्लाह राष्ट्रिय मानव अधिकार समितिबाट प्रदान गर्ने, नेपाली प्रवासी कामदारहरूको व्यवसायिक सुरक्षा र स्वास्थ्यसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानका लागि सहयोग गर्ने, आवश्यकतानुसार कामदारहरुको अधिकारसम्बन्धी शैक्षिक सामग्रीहरु वितरण गर्ने, अनुभव र विज्ञता आदान-प्रदान गर्ने,




तस्वीरः सुबोध पोखरेल रा.मा.अ.आ.

प्रवासन चक्र (Migration Cycle) को विषयमा अनुगमन गर्ने रहेका छन् । यसै गरी कार्ययोजनामा प्रगतिको समीक्षाका लागि उच्चस्तरीय भ्रमण तथा छलफल, समझदारीपत्रको समीक्षा प्रत्येक ६/६ महिनामा गरी सो बाट प्राप्त अनुभव मानव अधिकार संस्थाको एसिया प्रशान्त मञ्चमा आदान प्रदान गरी यस्ता प्रकारका समझदारीपत्र अन्य देशहरूमा सम्पन्न गर्नको लागि प्रयास गर्ने जस्ता प्रमुख विषयहरू समावेश गरिएको छ ।

# सत्यतथ्य पत्ता लगाउने कार्यमा आयोग सहयोग गर्न तयार

**ललितपुर** । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्माले सत्य निरुपण तथा मेलमिलाप आयोगलाई सत्यतथ्य पत्ता लगाउन र सत्यतथ्य सार्वजनिक गर्न कानून बमोजिम जस्तो सुकै सहयोग गर्न मानव अधिकार आयोग सदैव तयार रहेको कुरा बताउनु भयो ।

शिव भण्डारीद्वारा लिखित Ending Impunity of Conflict Related Human Rights Violations : Does the NHRC Nepal have Roles to Play ? नामक पुस्तकको विमोचन पश्चात प्रमुख अतिथि आयोगका अध्यक्ष शर्माले पुस्तकले औंल्याएका विषयलाई संविधानिक अधिकार क्षेत्रभित्र रहेर कार्यान्वयन गर्नुपर्ने हुँदा कतैकतै चुनौतीको समेत सामना गर्नुपर्ने बताउनु भयो ।




**पुस्तक विमोचन**

आयोगका अध्यक्ष शर्मा र सत्यनिरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्य किरण गुरुङ्गले संयुक्त रूपमा सो पुस्तकको विमोचन गर्नुभएको थियो । कार्यक्रममा सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष गुरुङ्गले पुस्तकमा महत्वपूर्ण सवाल उठाइकाले नेपालको सङ्क्रमणकालीन न्याय सम्पादन गर्न सरकार, मानव अधिकार आयोग, नागरिक समाज तथा मानव अधिकार कर्मिहरूलाई आवश्यक सहयोग र सुझाव दिन आव्हान गर्नु भयो । वहाँले सङ्क्रमणकालीन न्याय राष्ट्रको एजेण्डा भएकोले साझा समस्याको रूपमा शीघ्र समाधानको लागि सबैले योगदान गर्नुपर्नेमा धारणा राख्नु भयो । आयोगमा हाल ५८०५२ उजुरी रहेकोमा उजुरी उपर प्रारम्भिक र विशेष प्रकृतिको उजुरी माथि आवश्यक जाचबुझ भैरहेको जानकारी दिनुभयो ।

पुस्तकका लेखक शिव भण्डारीले सङ्क्रमणकालीन न्यायमा राष्ट्रिय मानव अधिकार आयोगको महत्वपूर्ण भूमिका रहेको र केही देशहरूको उचित अभ्यास र राष्ट्रिय मानव अधिकार आयोगको भूमीका र गर्नु पर्ने कामको बारेमा पुस्तकमा चर्चा गरिएको बताउनुभयो । आयोगको सिफारिस असफल भएको खण्डमा हालको अधिकारक्षेत्रबाट पनि राष्ट्रिय मानव अधिकार आयोगले सङ्क्रमणकालीन न्यायको लागि काम गर्न सक्ने जस्ता अध्ययनको निष्कर्ष रहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा द्वन्द्वविद विष्णु उप्रेतीले द्वन्द्व व्यवस्थापनको दृष्टिकोणबाट पुस्तकको उपादेयताको बारेमा प्रकाश पार्नु भएको थियो । पुस्तक विमोचन कार्यक्रममा मानव अधिकारसँग सम्बन्धित संस्थाहरू, अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू, मानव अधिकारकर्मी तथा पत्रकारको उपस्थिति थियो ।

# महाकाली पारी आयोगको उच्चस्तरीय अनुगमन



**दोधारा, चाँदनी ।** नेपालको सिमाना महाकाली नदीभन्दा पारी रहेको दोधारा, चाँदनी र कुतियावर क्षेत्रमा आयोगको उच्चस्तरीय अनुगमन टोलीले समग्र मानव अधिकारको अवस्थाको अनुगमन गरी स्थानियहरूसँग अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालको सिमाना महाकाली नदी भन्दा पारि रहेको दोधरा, चाँदनीलाई नेपाल सरकारले नगरपालिका घोषणा गरे पनि उक्त क्षेत्रका जनताको आर्थिक समाजिक तथा विकासको अधिकार स्थापित हुन नसकेको, समग्रमा विकासको पूर्वाधारको अभावका साथै उक्त क्षेत्रमा बाढी, डुवान, सुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारीको समस्या रहेको, जोगबुढा नदीको पारि रहेको कुतियावर गाँउका ४६ परिवार तथा ऐ वैदीफाँटाका ६० घरपरिवार को शान्तिसुरक्षा (नियमित प्रहरी चौकी नरहेको), शिक्षा (पूर्व प्राथमिक विद्यालयसमेत नरहेको) ,स्वास्थ्य, रोजगारी, विकासका पूर्वाधार नरहेको, बाढी कटान वर्षेनी हुने गरेको जस्ता तथ्य अनुगमनको क्रममा प्राप्त भएका थिए ।

अर्न्तसंवाद कार्यक्रममा आयोगका सदस्य श्री प्रकाश वस्तीले अनुगमनबाट प्राप्त तथ्यहरूको अध्ययन गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार को संरक्षणको लागि आयोगले नेपाल सरकारसँग छलफल गर्ने कुरा बताउनु भएको थियो । त्यसैगरी अर्का सदस्य सूदिप पाठकले मानव अधिकारको संरक्षण, सम्वर्द्धन र परिपालना गर्ने दायित्व सरकारको भएकाले सरकारले कुतियावर क्षेत्रको विकास र विशेष गरेको आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको संरक्षणमा विशेष कार्यक्रम ल्याएर हालको स्थितिमा सुधार ल्याउनुपर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा स्थानीय प्रशासनिक अधिकारीहरू, सुरक्षा निकाय, समाजसेवी तथा स्थानीय वासिन्दाको उपस्थिति थियो ।

---

# बलियो बाल संरक्षण प्रणालीबाट बाल अधिकार संरक्षणः मोहना अन्सारी

**काठमाडौं ।** बाल अधिकारको सम्बन्धमा आम नागरिकलाई सुसुचित गरी नागरिक समाजलाई पनि सरकारले गरेको कार्य र प्रयासको बारेमा सूचना सम्प्रेषण गर्दै नेपालमा रहेका बाल संरक्षणको निमित्त स्थापना भएका बाल संरक्षण प्रणाली र संस्थाहरूलाई थप बलियो बनाउन सके प्रंभावकारी रूपमा बाल अधिकार संरक्षण हुने विचार राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य एवम प्रवक्ता मोहना अन्सारीले व्यक्त गर्नु भएको छ । उहाँले बाल अधिकार संरक्षणमा थप जोड दिदै भूकम्पमा हराएका बालवालिका हालसम्म भेटिन नसक्नुले बालवालिकाको जीवनको अधिकार प्रति राज्य संवेदनशिल नभएको कुरा राख्नु भयो ।




आयोग र बालवालिका शान्ति क्षेत्र अभियानले संयुक्त रूपमा आयोजना गरेको विश्वव्यापी आवधिक समिक्षा र बाल अधिकार सम्बन्धी महासन्धि अर्न्तगतको समितिले नेपाल सरकारलाई गरेको सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि कार्य योजना बनाई लागू गर्न आयोजित कार्यशालामा सदस्य अन्सारीले आयोग समेतको संलग्नतामा बनेको कार्ययोजनालाई अध्ययन पश्चात स्वीकार गर्ने प्रतिबद्धता राख्नुभयो ।

कार्यशालामा प्रधानमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालयका सह सचिव रमेश ढकालले बाल अधिकार सम्बन्धी महासन्धि अर्न्तगतको समिति र विश्वव्यापी आवधिक समीक्षाले नेपाल सरकारलाई गरेको सिफारिसको प्रभावकारी कार्यान्वयनको लागि कार्य योजना बन्नु महत्वपूर्ण अभ्यासको रूपमा रहेकोले कार्य योजना बनाएकोमा आयोगको प्रशंसा गर्नु भएको थियो । बाल अधिकार आयोग बनाउन समेत सिफारिश प्राप्त भएकोमा संविधान बनी सकेको अवस्थामा हाल पनि कानूनको निर्माण गरी बाल अधिकार आयोग बन्न सक्ने सम्भावना औल्याउनु भयो ।

राष्ट्रिय योजना आयोगका उप-सचिव, डा. किरण रुपाखेतीले कार्ययोजना बनाएर नै लागू गर्ने यो पहिलो प्रयास भएको, यस अघि यस्तो कार्ययोजना सहित सिफारिसहरुको कार्यान्वयन नभएकोमा यसले सरकारी र गैरसरकारी दुवै क्षेत्रलाई सहयोग पुग्ने विश्वास लिनुभयो ।

कार्यक्रममा आयोगका सचिव वेदप्रसाद भट्टराई, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव डिल्लीराज घिमिरे, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह सचिव शकंर प्रसाद पाठक, केन्द्रिय बाल कल्याण समितिका कार्यकारी निर्देशक तारक धिताल लगायतका वक्ताले आफ्नो मन्तव्य राख्नु भएको थियो ।

# आयोगको रणनैतिक योजना : समिक्षा गोष्ठि

**काभ्रेपलान्चौक।** आयोगले तर्जुमा गरेको रणनीतिक योजना २०१५-२० को कार्यान्वयनको अवस्था तथा यसको थप प्रभावकारी कार्यान्वयनको सम्बन्धमा आयोगले केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय तथा उप क्षेत्रीय कार्यालयसमेतको सहभागितामा एक गोष्ठी सम्पन्न गरी मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनको लागी आगामी दिनमा थप प्रभावकारी रूपमा अघि बढ्ने जनाएको छ।

समीक्षा गोष्ठिमा आयोगका अध्यक्ष अनूप राज शर्माले संविधान तथा कानूनले दिशानिर्देश गरी दिएको कार्यदेश पूरा गर्न आयोगले कुनै कसर बाकी नराखी कार्य गर्ने भएकाले आयोगको कार्यलाई सबै आयोगका कार्यालय तथा कर्मचारीले रणनैतिक योजनाको उद्देश्य बमोजिम कार्य गर्न जोड दिनुभयो।




तस्वीरः समन मानन्धर रा.मा.अ.आ.

आयोगको उद्देश्य तथा कार्य पूरा गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा रहेको आयोगको रणनीतिक योजनाले मार्गनिर्देशन गरेनुसारको कार्य आयोगले गर्न सकेको प्रति सन्तोष प्रकट गर्दै बजेट र श्रोतको यथोचित र समान्तर बाँडफाँड गरी अगाडि बढन सके लक्ष्य प्राप्त हुन सक्ने विचार आयोगका सदस्य प्रकाश वस्तीले राख्नुभयो।

आयोगले नागरिक समाजसमेतको संलग्नतामा तथा पाँचै विकास क्षेत्रमा रहेका मानव अधिकारको संरक्षण र चुनौतीहरुको साक्षात्कार गर्दै रणनीतिक योजनाको निमार्ण गरेकोले रणनीतिक योजनाको कार्यान्वयनबाट आयोगले आफनो संवैधानिक कर्तब्य पूरा गर्न मद्दत पुग्ने विश्वास राख्नु भयो।

आयोगका सदस्य मोहना अन्सारीले कर्मचारीहरूले गरेको मिहिनेत मानव अधिकार संरक्षणको कार्यमा देखिनुपर्ने तथा राष्ट्रिय तहमा गर्ने कार्य तथा स्थानीय तहमा गर्ने कार्यलाई प्राथमिकता सहित आयोगका कार्यालयहरू कार्य गर्नु पर्ने कुरामा कर्मचारीहरुलाई प्रोत्साहन गर्नं भएको थियो।

आयोगका सदस्य गोविन्द पौडेलले हाल आयोगमा श्रोतसाधन र जनशक्तिको समुचित व्यवस्था आयोगले गरि सकेकोले सबै कार्यालय, महाशाखा तथा कर्मचारीले आयोगको कामलाई जनता र पीडीतको न्यायसँग तुलना र आत्मसात गर्दै कार्य गर्न कर्मचारीहरूलाई प्रोत्साहन गर्नुभयो।

गोष्ठीमा आयोगका सचिव वेदप्रसाद भट्टराईले भूकम्पको जस्तो प्रतिकुल समयमा पनि आयोगले रणनीतिक योजना बमोजिम काम गरेको तथा हाल आयोग श्रोत र जनशक्तिबाट भरपुर भएकाले योजनाले लक्षित गरेको उदेश्य समयभित्र प्राप्त हुने कुरामा विश्वास व्यक्त गर्दै सबै कर्मचारीलाई दत्तचित्त भएर मानव अधिकार संरक्षणको कार्यमा लाग्न आव्हान गर्नुभयो।

गोष्ठीमा आयोगका क्षेत्रीय कार्यालयहरू विराटनगर, जनकपुर, पोखरा, धनगढी, नेपालगञ्ज तथा उप क्षेत्रिय कार्यालयहरु खोटाङ, बुटवल र जुम्लाको उपस्थिति रहेको थियो। आयोगको केन्द्रीय कार्यालयका सबै महाशाखाहरूको उपस्थितिमा आयोगले आर्थिक बर्ष २०७३-७४ को पहिलो चौमासिकमा गरेको कार्य तथा भएको प्रगति तथा उपलब्धिको सम्बन्धमा बिस्तृत छलफल गरिएको थियो।




तस्वीरः समन मानन्धर रा.मा.अ.आ.

# मानसिक स्वास्थ्य र मानव अधिकार बिषयक प्रशिक्षक प्रशिक्षण (TOT)

**ललितपुर**/राष्ट्रिय मानव अधिकार आयोग र कोशीशको संयुक्त आयोजनामा मानसिक स्वास्थ्य र मानव अधिकार बिषयक ५ दिने प्रशिक्षक प्रशिक्षण २०-२४ नोभेम्वर २०१६ (२०७३ मंसीर ५ देखी ९) सम्म ललितपुरमा सम्पन्न भयो। मानसिक स्वास्थ्य र मानव अधिकारको बिषयमा थप स्पष्टता गराई यस सम्बन्धी भएका प्रावधानहरु, राज्यको दायित्वको बारेमा जानकारी गराउने र मानसिक स्वास्थ्यलाई मानव अधिकारको दृष्टिकोणबाट प्रशिक्षण प्रदान गर्न प्रशिक्षकहरु त्यार गर्ने उद्धेश्यले प्रशिक्षण आयोजना गरिएको हो।

प्रशिक्षणको उदघाटन राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले गर्नुभएको थियो। उद्घाटन समारोहमा UNDP नेपालका कार्यवाहक राष्ट्रिय निर्देशक सोफि केमखाजे, हिमाल पार्टनरका सोल्भिग एव्लोन मिगाडेन, आयोगका सचिव श्री वेदप्रसाद भट्टराइ, कोशीशका अध्यक्ष मातृका देवकोटा लगायतको उपस्थिती रहेको थियो भने कार्यक्रम सञ्चालन उपनिर्देशक कोषराज न्यौपानेले गर्नुभएको थियो।




तस्वीरः उमेश रानामगर रा.मा.अ.आ.

प्रशिक्षणको समापनमा सहभागिहरुले मानसिक स्वास्थ्य अधिकारको संरक्षणमा योगदान गर्ने लिखित प्रतिवद्धता गर्नुभएको थियो। प्रशिक्षण कार्यक्रम यू.एन डि पी (SPSP परियोजना) र हिमाल पार्टनरको सहकार्यमा सम्पन्न भएको हो।

# मानव अधिकार संस्कृती विकाशमा राजनैतिक दल वाधक नहुने




**कचंनपुर ।** राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय धनगढीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवस भब्यताका साथ मनाएको छ। राष्ट्रिय मानव अधिकार आयोगको संयोजकत्वमा कैलाली जिल्लामा कार्यरत संघसस्था सबै सदस्य रहने गरी मुल समारोह समितिको निर्माण गरी दिवस मनाइएको थियो । दिवसको सन्दभमा मानव अधिकार अन्तर संवाद कार्यक्रमको आयोजना गरिएको थियो। अन्तरसंवाद्मा आयोगका मानव अधिकार अधिकृत पवनकुमार भट्टले आयोगले अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा कन्चनपुर जिल्लाको मानव अधिकारको अवस्थाका बारेमा प्रस्तुती राख्नु भएको थियो । प्रस्तुति पश्चात् आयोजित खुला छलफलका अधिकाँश सहभागिले आम नागरिकले भयरहित बाताबरणमा जीवन यापन गर्न नपाएको, महिलालाई गाउ समाज तथा राज्यले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुन नसकेको, बालबालिकाको अधिकारको संरक्षण राज्य तथा घर परिवार स्कूलबाट हुन नसकेको, आप्रबासी कामदारको शोषण भईरहेको, भारतमा काम गर्न जानेको यकिन तथ्यांक नरहेको, बनबासा नाकामा नेपाल तथा भारतका सुरक्षाकर्मीले भारतमा काम गरेर घर आउदा अनावश्यक तनाव दिनुका साथै रकम असुली गर्ने गरेको, शुक्लाफाटा आरक्ष आसपासका बासिन्दाको बालीनाली जंगली जनावरले खाने तथा कहिलेकाही हात्ति बस्तीमा आएर घरहरू भत्काईदिने, जनजीवन त्रसित गर्ने जस्ता घटना भईरहदा पनि सरोकारवाला निकायले कुनै चासो नदेखाएको गुनासोहरु सहभागीहरुले गरेका थिए । अधिकारकर्मी तथा सरोकारवालाले उठाएका विविध विषयको बारेमा सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारीले मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि आफू सदैव तत्पर रहेको र स्थानीय स्तरका समस्यालाई जिल्लातहबाटै र भारतसंगको बिषयका समस्याको नीतिगत तहबाटै समाधान थालनीका लागि पहल गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। यसै गरी नेपाली कांग्रेस, एमाले, माओवादी लगायतका राजनीतिकदलले पनि मानव अधिकारको संस्कृतिको बिकासमा आफुहरू बाधक नबन्ने प्रतिबद्धता ब्यक्त गरेका थिए ।

अर्न्तसंवाद कार्यक्रमको समापनमा बोल्दै आयोग क्षेत्रीय कार्यालयका प्रमुख दीपकजंगध्वज कार्कीले मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि आयोगले सबैका लागि घर घरमा मानव अधिकार, शान्ति र बिकासको आधार भन्ने नारा तय गरेको र यसलाई मुर्तरूप दिन सबैका बीचमा सहयोग, समन्वय, सहकार्य तथा सहभागिता आवश्यक रहेको तथा अधिकारको मात्र कुरा गर्नुभन्दा हामी सबैले आ आफ्नो कर्तव्यप्रति पनि सचेत रहयो भने मात्र मानव अधिकारको मूल्य र मान्यता अनुरूपको जीवन जीउन आव्हान गर्नु भएको थियो। आयोगले उक्त दिवसका दिन एक प्रभातफेरी कार्यक्रमको समेत आयोजना गरेको थियो ।

---

# आधारभूत मानव अधिकार तालिम

**नुवाकोट जिल्लामा** राष्ट्रिय मानव अधिकार आयोग सम्वर्द्धन तथा वकालत महाशाखाद्वारा आधारभूत मानव अधिकार तालिमको आयोजना गरियो। अनौपचारीक रूपमा सुरुवात भएको उक्त तालिम कार्यक्रममा पत्रकार महासंघका जिल्ला अध्यक्ष प्रकाश अधिकारीले जिल्लाको मानव अधिकारको अवस्थाको वारेमा जानकारी दिँदै तालिम कार्यक्रम सुरु भएको जानकारी गराउनु भएको थियो । कार्यक्रममा बोल्दै उँहाले भूकम्प पश्चात् राहतको व्यवस्थापन हुन नसकेको भुकम्पपिडित अझै त्रिपालमुनि बस्न बाध्य भएको,राहत तथा अनुदान रकमका लागि प्रकृया अगाडि बढ्न नसकेको साथै कतिपयको नामावली नै छुटेको यसमा




राज्यले व्यवस्थापन गर्न नसकेको उल्लेख गर्नुभयो। कार्यक्रममा बोल्दै उँहाले मानवअधिकार आयोगको भूमिका सराहनिय भएको उल्लेख गर्दै कार्यक्रमको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा इन्सेक नुवाकोटका प्रतिनिधि नवदीप श्रेष्ठले मानव अधिकारको अवस्थाबारे जानकारी गराउनु भएको थियो । जिल्लाका विभिन्न ठाउँमा घरेलुहिंसा एंव कुटपिट, बहुविवाहजस्ता घटना तामाङ्ग समुदायको बाहुल्यता रहेको क्षेत्रमा हुने गरेको उल्लेख गर्नुभयो । वैदेशिक रोजगारीले पारिवारिक विखण्डन ल्याएको जस्ले पुरुष पनि पीडित रहेको अवस्थाको जानकारी दिनुभएको थियो। जिल्लामा निशुल्क स्वास्थ्य सम्बन्धी समस्या रहेको साथै भूकम्पबाट अति प्रभावित रहेको सो जिल्लामा बालबालिकाले टहरामा रहेर पढ्न बाध्य भएको कुराको जानकारी दिनुभएको थियो । यस्ता विषयमा राष्ट्रिय मानव अधिकार आयोग भूमिका खेल्नुपर्ने उल्लेख गर्दै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । उक्त तालिम कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत हरीप्रसाद ज्ञवाली तथा लक्ष्मी राईवाट सहभागीहरूलाई मानव अधिकारका विभिन्न विषयहरूमा तालिम प्रदान गरीएको थियो। मानव अधिकारको आधारभूत सिद्धान्त, अपराध तथा मानव अधिकारमा फरक तथा मानव अधिकारको संरक्षणमा आयोग तथा अन्य सरोकारवालाको भूमिका तथा विकास र मानव अधिकारका विषयमा प्रस्टयाउने कार्य भएको थियो । उक्त तालिम कार्यक्रममा विदुर नगरपालिकाका वडा नागरिक मंचका अध्यक्ष तथा प्रतिनिधि,सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयमसेविका स्थानीय मानव अधिकारकर्मी र पत्रकारको उपस्थिति रहेको थियो ।

# मुस्लिम तलाकी महिलाहरूको मानव अधिकार जोखिममा



**रौतहट**/ आयोगको सबैका लागि घरघरमा मानव अधिकार शान्ति र विकासको आधार भन्ने नारालाई कार्यान्वयन गर्ने उद्देश्यले मुस्लिम समुदायका तलाकी महिलाहरुको अवस्था विषयक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय जनकपुरद्वारा आयोजना गरिएको उक्त अर्न्तक्रिया कार्यक्रममा जिल्ला प्रशासन कार्यालय रौतहटका नि. प्रमुख जिल्ला अधिकारी श्री गिरिधारी सुवेदी, जिल्ला स्वास्थ्य प्रमुख, प्रहरी उपरिक्षक श्री यज्ञविनोद पोखरेल, महिला विकास अधिकृत सावित्रा न्यौपाने, कानून व्यवसायी, बुद्धिजीवी, मुस्लिम समुदायका मौलवी/मौलाना तथा मुस्लिम समुदायका महिला अधिकारकर्मी तथा अगुवा साथै स्थानीय पत्रकारहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा मुस्लिम महिला नेपालको नागरिक भएपनि मुस्लिम समुदायमा धर्मकै आडमा महिलाहरु माथि विभेद हुने गरेको, कुरानमा राम्रै व्यवस्था भएपनि समाजमा अरु समुदायको देखासिकी तथा वालविवाह, दाइजो तथा सामाजिक मुल्य मान्यताका कारण महिलालाई दोश्रो दर्जाको नागरिकको रुपमा व्यवहार हुने गरेको लगायतका विषयलाई सहभागीहरुले उठाएका थिए । साथै उनीहरुले मुस्लिम धर्मको कुरानमा तीन पटक सम्म तलाक दिने कुरा गरे पनि व्यवहारमा सानोतिनो भै भगडामा तथा राजनीति प्रभावका कारणले पहिलेको तुलनामा तलाक तथा सम्वन्ध विच्छेदका मुद्दाहरु अदालतमा आउने गरेका, मुलुकी ऐन, २०२० को सम्वन्ध विच्छेदको महलमा जे जस्ता व्यवस्था भए पनि मुस्लिम समुदायका महिलाहरुलाई धर्मको आडमा विभिन्न प्रकारका घरेलु हिंसा हुने गरेको धारणा समेत अर्न्तक्रियामा राखेका थिए ।

कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत श्री इन्द्रजीत सहनीले गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता जनकपुर क्षेत्रीय कार्यालयका नि. कार्यालय प्रमुख श्री भुवन नाथले गर्नु भएको थियो ।

## आयोगको प्रकाशनहरु







## राष्ट्रिय मानव अधिकार आयोगको रेडीयो सचेतनामूलक कार्यक्रम 'सिमान्तकृत आवाज'

Radio City FM, Kathmandu- 98.8 MHz (Every Tuesday, 6.00 – 6.15 PM)
Nuwakot FM, Nuwakot- 106. 8 MHz (Every Tuesday, 6.00- 6.15PM)
Radio Sailung, Dolakha- 92.7 MHz ( Every Tuesday, 5.45- 6.00 PM)

Radio Program Download Link:
http://www.nhrcnepal.org/nhrc_radio.html

## सबैका लागि घर घरमा मानवअधिकार

शान्ति र विकासको आधार

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, अल्पसंख्यक तथा पछाडि पारिएका वर्गको राज्यको नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरौं ।

राष्ट्रिय मानवअधिकार आयोग

## सबैका लागि घर घरमा मानवअधिकार

शान्ति र विकासको आधार

राष्ट्रिय मानवअधिकार आयोगले मानव अधिकारका बारेमा सचेतना अभियान संचालन गरिरहेको छ । तपाईका घर, गाउँ र क्षेत्रमा भएका मानवअधिकार हन्नको सम्बन्धमा उजूरी तथा जानकारी दिई मानवअधिकार संरक्षण र सम्बर्द्धनको अभियानमा सहभागी बनौ ।

राष्ट्रिय मानवअधिकार आयोग

# राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन, शीतलनिवास
काठमाण्डौ, नेपाल ।

पत्र संख्या :-
चलानी नं.:-

राष्ट्रपतिको कार्यालय शीतल निवास, काठमाडौं

मिति : २०७३/८/२४

**विषय** : शुभकामना सन्देश पठाइएको ।

**श्री सबै सञ्चार माध्यम,**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले **"विश्व मानव अधिकार दिवस (१० डिसेम्बर)"** का अवसरमा दिनुभएको शुभकामना सन्देश पाना थान १(एक) यसैसाथ संलग्न राखी पठाइएको छ । सो शुभकामना सन्देश मिति २०७३ साल मंसिर २५ गते शनिबार विहान तहाँबाट प्रकाशन/प्रशारण गरिदिनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

०७३।८।२४

(प्रल्हाद प्रसाद पुडासैनी)
उपसचिव

---

राष्ट्रपति भवन, महाराजगञ्ज
काठमाडौं ।

राष्ट्रपति

**विश्व मानव अधिकार दिवस (१० डिसेम्बर) का अवसरमा**
**सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले दिनुभएको शुभकामना सन्देश**

समष्टिगत रुपमा मानव अधिकारको संरक्षणमा जुट्न अभिप्रेरित गरौं ("stand up for someone's rights today") भन्ने नाराका साथ विश्वव्यापी रुपमा विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउन लागिएको ६८ औं विश्व मानव अधिकार दिवस १० डिसेम्बर २०१६ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानले मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनको सुनिश्चिततालाई जोड दिएको छ । संविधान र कानूनद्वारा प्रदत्त आधारभूत मानव अधिकारको प्रत्याभूतिका लागि मुलुकमा विभिन्न संस्थागत संरचनाहरु तथा नीतिगत एवम् कानूनी व्यवस्थाहरु गरिएका छन् । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धनसम्वन्धी नीतिहरुको क्रमश कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने कार्यलाई राज्यको दायित्वको रुपमा स्थापित गरिएको छ ।

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा ठोस योगदानको लागि संविधानले राष्ट्रिय मानव अधिकार आयोग लगायतका संवैधानिक तथा कानूनी निकायको व्यवस्था गर्नु आफैमा सन्तोषको विषय हो । यसै परिप्रेक्षमा सत्यनिरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोग समेत गठन भई क्रियाशील रहेका छन् । यसप्रकारका कार्यले हामीलाई नेपालमा मानव अधिकारको यथोचित सम्मान, संरक्षण र प्रवर्द्धनको प्रक्रियालाई अझ सुदृढ वनाउन मार्ग प्रशस्त गरेको छ ।

अन्तमा, यस दिवसले सम्पूर्ण मानवजातिका साझा अधिकारहरु सबैलाई सधैंभरि प्रत्याभूत गर्न विश्वका सबै मुलुकहरुलाई प्रेरणा प्रदान गर्नेछ भन्ने मेरो विश्वास छ ।

धन्यवाद !
२०७३ साल मंसिर २५ गते शनिबार ।

## मानव अधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगमा उजूरी गरौं ।

**उजूरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।**

उजूरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।

मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी कारबाही गराउन र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

**उजूरी दिने ठेगाना:**


**राष्ट्रिय मानव अधिकार आयोग**
केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल
फोन: ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००
इमेल:complaints@nhrcnepal.org Website: www.nhrcnepal.org
Facebook:www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal
Twitter: @NepalNHRC

पूर्वाञ्चल क्षेत्रीय कार्यालय, वरगाछी, विराटनगर,
फोन: ०२१-४६१९३१, ४६१०९३, फ्याक्स: +९७७-२१-४६११००, इमेल:nhrcbrt@nhrcnepal.org
मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर,
फोन: ०४१-५२७८११, ५२७८१२ फ्याक्स: +९७७-४१-५२७२५०, इमेल:nhrcjnk@nhrcnepal.org
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा,
फोन: ०६१-४६२८११, ४६३८२२, फ्याक्स: ९७७-६१-४६५०४२, इमेल:nhrcpkr@nhrcnepal.org
मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज,
फोन: ०८१-५२६७०७, ५२६७०८, फ्याक्स: ९७७-८१-५२६७०६, इमेल:nhrcnpj@nhrcnepal.org
सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी,
फोन: ०९१-५२५६२१, ५२५६२२, फ्याक्स: ९७७-९१-५२५६२३, इमेल:nhrcdhn@nhrcnepal.org

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org
बुटवल, रुपन्देही, फोन: ०७१-५४६९११ इमेल: nhrcbtl@nhrcnepal.org
जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२ इमेल: nhrcjum@nhrcnepal.org



**मानव अधिकार पत्र प्रकाशन समिति**
**संयोजक: कोषराज न्यौपाने**
**सदस्यहरू: सुबोध पोखरेल, श्रीराम अधिकारी, हरिप्रसाद ज्ञवाली, कैलाश सिवाकोटी र दुर्गा पोखरेल**

मुद्रण: सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स, काठमाडौं, फोन: ०१-५२६००३०